नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०७५/७६
च.नं.:- ३८५

मिति: २०७६/०१/११

विषयः अनुगमन तथा नियमन कार्यको प्रभावकारी कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालयहरु, (सबै)
श्री स्थानीय तहहरु, (सबै)

नेपालमा विभिन्न प्रकारका उद्योगहरु सञ्चालनकालागि ऐन, नियम, विनियमहरुको व्यवस्थाको बावजुद पनि कतिपय क्रसर उद्योग तथा वास उद्योगहरुले मापदण्ड विपरीत कार्यसञ्चालन गर्दा प्रकृतिक स्रोत साधनहरुको दोहन भईरहेको तथा यसको अल्पकालिन तथा दीर्घकालिन असरहरु पर्ने भएको हुँदा जिल्ला स्थित उद्योगहरुको गुणस्तर कायम राख्दै विद्यमान कानुनी व्यवस्थाको परिपालनाको लागि अनुरोध भई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. ऐन/नियम/उद्योग/७५/७६, च.नं. ६०४, मिति २०७६/०१/०५ को पत्र प्राप्त हुँदा प्रस्तुत पत्र प्रेषित गरिएको छ । अतः सो सम्बन्धमा आफ्नो क्षेत्रमा स्थित त्यस्ता उद्योगहरुको रेखदेख, गुणस्तर नियन्त्रण तथा मापदण्ड अनुसार सञ्चालन भए नभएको सम्बन्धमा प्रभावकारी रुपमा अनुगमन तथा नियमनको व्यवस्था गराउनु हुन आदेशानुसार अनुरोध छ ।

(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टुँडाल, काठमाण्डौं ।
~~श्री~~ सूचना तथा प्रविधि शाखाः यसै बमोजिमको पत्र वेभ साईटमा राखिदिन हुन ।

१।त।वि०४ ३१।

☎ : ४२६२१८०
: ४२६२२४७
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ४२६२१२८, ४२६२१०४
E-mail : akhtiyar@ntc.net.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

२०४७

ऐन/ नियम/उद्योग/७५/७६

पत्र संख्या :-

चलानी नं. :- ६०४

मिति: २०७६/०१/०५

विषयः सुझाव कार्यान्वयन सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरवार ,काठमाण्डौ।

उपरोक्त सम्बन्धमा नेपाल सरकारले कुनै पनि उद्योग सञ्चालनका लागि मापदण्ड बनाएको छ।नियम तथा विनियम बनाएको छ।यि नियम तथा विनियमहरुलाई अंगीकार नगरी नेपालका क्रसर उद्योग तथा वास उद्योगहरुले प्राकृतिक श्रोत साधनहरुको दोहन गरी मापदण्ड विपरीत उद्योग सञ्चालन गर्ने, जनतालाई अल्पकालिन तथा दीर्घकालिन रुपमा असर पर्ने जस्ता मनोमानी ठाँउबाट खनिज पदार्थ उत्खनन गर्ने, वस्ती, बाटो, प्राकृतिक संपदा प्रकृति लगायतको क्षेत्रमा ठूलो असर परेको छ।यि उद्योगले दर रेटमा मनोमानी गरेका छन्।कर तथा भ्याटमा समेत छली गरेका छन्।यस्ता कृयाकलाप प्राय जसो काठमाण्डौं, ललितपुर, भक्तपुर ,सिन्धुपलाञ्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट,धादिङ्ग सिन्धुलीमा बढी नै हुने गरेको छ।आवश्यक छानमिन गरि कारबाही गरी पाँउ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा जिल्ला स्थित उद्योगहरुको रेखदेख, गुणस्तर नियन्त्रण तथा मापदण्ड अनुसार सञ्चालन भए नभएको अनुगमन गर्ने दायित्व समेत स्थानिय निकायको समेत भएको परिप्रेक्ष्यमा सो कार्यको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सुझाव सोरुप लेखि पठाउने अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०७५।०१।०२ मा निर्णय भएको हुँदा सुझाव कार्यान्वयन गरी गराई सो को जानकारी आयोगलाई उपलब्ध गराईदिनु हुन निर्णयानुसार अनुरोध गरिन्छ।

केशव प्रसाद पौडेल

शाखा अधिकृत